श्रम विभाग द.प्र.प.नं: १/०६५/०६६

(ट्रेड युनियन ऐन, २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासंघ)

# पेसागत महासङ्घ नेपाल

## Confederation of Nepalese Professionals (CONEP)

च.नं. १/०७२/७३ मिति: २०७३।४।२

**कोनेप सर्कुलर- १**

श्री अध्यक्ष/संयोजक ज्यू,
सबै आवद्ध/संवद्ध घटक/जिल्ला समिति ।

**बिषय:- छैठौं राष्ट्रिय महाधिवेशन तथा केन्द्रीय समितिको पहिलो वैठकका निर्णयहरु पठाईएको ।**

पेसागत महासङ्घ नेपालको मिति २०७३।३।३-५ मा काठमाडौंमा छैठौं राष्ट्रिय महाधिवेशन भव्य रुपमा सम्पन्न भई केन्द्रीय समितिको पहिलो पूर्ण बैठक समेत सम्पन्न भएको छ । छैठौं राष्ट्रिय महाधिवेशनले आर्थिक, सांगठनिक तथा समसामयीक प्रस्ताव पास गर्नुका साथै आगामी ४ वर्षका लागि नेतृत्व समेत चयन गरेको छ। सम्माननीय प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष क. के.पी शर्मा ओली को प्रमुख आतिथ्यतामा सम्पन्न भएको छैठौं महाधिवेशनमा २५ राष्ट्रिय सङ्घहरु र ७४ जिल्लावाट ६६७ जना प्रतिनिधि तथा १६ जना विदेसी भाईचारा संगठनहरुको प्रतिनिधित्व रहेको थियो। पार्टी महासचिव क. इश्वर पोखरेल, सचिवद्वय क. गोकर्ण विष्ट र क. योगेश भट्टराई, पोलिटव्यूरो सदस्यद्वय क. विजय पौडेल र विष्णु रिमाल समेतको उपस्थितीमा महाधिवेशन ऐतिहासिक रुपमा सम्पन्न भएको छ । ऐतिहासिक छैठौं राष्ट्रिय महाधिवेशनले पारित गरेका प्रस्तावहरु र पुन:निर्वाचित महासङ्घका अध्यक्ष क.विश्वनाथ प्याकुरेलको अध्यक्षतामा सम्पन्न भएको पहिलो बैठक (२०७३।३।५ ) ले गरेका महत्वपूर्ण निर्णयहरु आवश्यक जानकारीका लागि यसै साथ पठाईएको छ ।

**छैठौं राष्ट्रिय महाधिवेशनवाट निर्वाचित पदाधिकारी तथा सदस्यहरु**

| क्र.स | पद | नाम | मोवाइल | ईमेल |
|---|---|---|---|---|
| १ | अध्यक्ष | विश्वनाथ प्याकुरेल | ९८५११९८४१४ | pyakurelbiswa@gmail.com |
| २ | बरिष्ठ उपाध्यक्ष | प्रेमल कुमार खनाल | ९८५१०८६५२४ | khanalpk1963@gmail.com |
| ३ | उपाध्यक्ष | लाल बहादुर पाख्रिन | ९८५११०५५९३ | pakhrinlb@hotmail.com |
| ४ | उपाध्यक्ष | गम्भिर लाल श्रेष्ठ | ९८५१०२४१४० | shrestha.gl@hotmail.com |
| ५ | उपाध्यक्ष | दिपक सुवेदी | ९८५११५७८८० | dsubedi68@yahoo.com |
| ६ | उपाध्यक्ष | उदया शर्मा | ९८४१६८००३६ | udayasharma53@gmail.com |
| ७ | उपाध्यक्ष | शंकर सुवेदी | ९८५११६३२२५ | nyayadoot@gmail.com |
| ८ | उपाध्यक्ष | कृष्णमान श्रेष्ठ | ९८५१११२९०० | km.shrestha@ntc.net.np |
| ९ | उपाध्यक्ष | दिपक राज सुवेदी | ९८५१११२१९९ | dipakrajs@yahoo.com |
| १० | उपाध्यक्ष | योगेन्द्र यादव | ९८५४०२३५५५ | yogendra.yadav@ntc.net.np |
| ११ | महासचिव | विष्णु लामिछाने | ९८५१२०९००७ | bishnul@gmail.com |
| १२ | उप महासचिव | किशोर कुमार नेपाली | ९८५११००२५५ | kishorku19@gmail.com |
| १३ | उप महासचिव | गगन सिंह विष्ट | ९८४१२५२५७७ | gagan.bista@gmail.com |
| १४ | उप महासचिव | पूर्णा जोशी | ९८५११३९९६२ | j.purna50@gmail.com |
| १५ | उप महासचिव | सन्तोषकुमार सिंह | ९८४५०२५९२३ | ssingh31115@yahoo.com |

| | | | | |
|---|---|---|---|---|
| १६ | उप महासचिव | राम प्रसाद रिमाल | ९८५१०९६६७३ | rprimal5832@gmail.com |
| १७ | कोषाध्यक्ष | श्याम प्रसाद पाण्डे | ९८५१२३४११५ | sppey201@yahoo.com |
| १८ | सह-कोषाध्यक्ष | भोलानाथ उपाध्याय | ९८४१५०५१०५ | bholanath7961@gmail.com |
| १९ | सचिव | भक्तराज पोखरेल | ९८५११८३७९८ | br.pokharel2@gmail.com |
| २० | सचिव | नारायण कुमार मास्के | ९८५११६६६१० | narayanmaskey2016@gmail.com |
| २१ | सचिव | सिताकुमारी ओझा | ९८४१५१९८४८ | ojhasita1@gmail.com |
| २२ | सभामुख | हिरा नेपाल | ९८४१३२६९४५ | nepalhira23@gmail.com |
| २३ | उपसभामुख | मोहन कुमारी शाह | ९८०३५२९६८२ | |
| २४ | लेखा संयोजक | टंकप्रसाद पाण्डे | ९८५१०३९७५४ | - |
| २५ | सदस्य | अमर पौडेल | ९८५१०८४२०८ | amarpaudel2@gmail.com |
| २६ | सदस्य | रण बहादुर घर्ति मगर | ९८४१३७३३७५ | rbgharti2006@gmail.com |
| २७ | सदस्य | विक्रम भण्डारी | ९८४४०३४३७४ | khulastabikram@gmail.com |
| २८ | सदस्य | हरिश्चन्द्र वि.क. | ९८४७२१६६५७ | hchandra76@gmail.com |
| २९ | सदस्य | राज कुमार गिरी | ९८४२०६१०६६ | er.arunkarna@gmail.com |
| ३० | सदस्य | राधालक्ष्मी खरेल | ९७४१११४४५५ | kharelradha2013@gmail.com |
| ३१ | सदस्य | देवीकृष्ण चौंलागाईं | ९७४१०११५७३ | - |
| ३२ | सदस्य | कृष्णचन्द्र उप्रेती | ९८४१३४८४१० | krishnaupreti071@gmail.com |
| ३३ | सदस्य | यमुना पौडेल | ९८४१७६३८८१ | - |
| ३४ | सदस्य | जित बहादुर महत | ९८४८०२२०४९ | - |
| ३५ | सदस्य | छविन्द्र वेलवासे | ९८५१२११२६८ | - |
| ३६ | सदस्य | चक्रपाणी आचार्य | ९८५१०७८७७७ | - |
| ३७ | सदस्य | रामशरण बोहरा | ९८४१२१३१७२ | - |
| ३८ | सदस्य | दिलीप कुमार भट्टराई | ९८५१०९२४९९ | - |
| ३९ | सदस्य | जानुका गुरागाईं | ९८५२६६२८८८ | - |
| ४० | सदस्य | रम्भा पौडेल | ९८५१२१३४८५ | - |
| ४१ | सदस्य | रिता श्रेष्ठ | ९८४१२९८२०० | - |

| | | | | |
|---|---|---|---|---|
| ४२ | सदस्य | सम्झना बुढा | ९७४८९००६९२ | |
| ४३ | सदस्य | हेमलता मुडभरी धिताल | ९८४१६९०३५३ | |
| ४४ | सदस्य | हरिकृष्ण दाहाल | ९८४२०२९९४९ | |
| ४५ | सदस्य | केशकुमारी खत्री कार्की | ९८४२१०७७३४ | |
| ४६ | सदस्य | अषेश लम्साल | ९८४२८७७५९२ | |
| ४७ | सदस्य | टिना सुवेदी | ९८५५०४५६२२ | |
| ४८ | सदस्य | ईश्वरी प्रसाद सुवेदी | ९८११११६३३० | |
| ४९ | सदस्य | विनोद मिश्र | ९८५५०४७८८३ | |
| ५० | सदस्य | उर्मिला खनाल | ९८४९१३२१८५ | |
| ५१ | सदस्य | देवी प्रसाद बस्याल | ९८४७६७३६९२ | |
| ५२ | सदस्य | विष्णु आचार्य | ९८५७६२२९९९ | |
| ५३ | सदस्य | लोचना अधिकारी | ९८४६०६३०५९ | |
| ५४ | सदस्य | टेकेन्द्र घर्ती मगर | ९८४७८५०८८४ | |
| ५५ | सदस्य | लोकनाथ ज्ञवाली | ९८५७०५०९३९ | |
| ५६ | सदस्य | लक्ष्मी ढुंगाना | ९८४७०२८८५० | |
| ५७ | सदस्य | यज्ञ बहादुर रेग्मी | ९८६८२३७२२६ | |
| ५८ | सदस्य | मनिराज बराल | ९८५८३२००२५ | |
| ५९ | सदस्य | विष्णुमाया भाम | ९७४८९००६६८ | bham.bishnumaya@yahoo.com ,bishnu.bham@gmail.com |
| ६० | सदस्य | जहर सिंह थापा | ९८६८५४६५९७ | |
| ६१ | सदस्य | शान्तराज जोशी | ९८४८६१९४७० | |
| ६२ | सदस्य | गंगा बोगटी | ९७४९०७४४२८ | |
| ६३ | सदस्य | हरिदेव यादव | ९८५११४९१४० | |
| ६४ | सदस्य | रेखा कुमारी सिंह | ९८४४१००३४४ | |
| ६५ | सदस्य | खगेन्द्रप्रसाद राई | ९८५१०९९९११ | |
| ६६ | लेखा सदस्य | राधिका ढकाल | ९८४१४५११३६ | - |
| ६७ | लेखा सदस्य | लक्ष्मण प्रसाद बजगाईं | ९८४३५१५४७५ | - |

## छैठौं राष्ट्रिय महाधिवेशनमा पारित समसामयिक प्रस्तावहरु

१. सर्वप्रथम, यो महाधिवेशन २०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिको फलस्वरुप निर्वाचित संबिधानसभाको ९० प्रतिशतभन्दा बढी मतद्धारा २०७२ आश्विन ३ गते जारी भएको समाजवादमुखी नेपालको संबिधानको हार्दिक स्वागत गर्दछ । साथै, मधेश केन्द्रीत दल लगायत विभिन्न क्षेत्र वर्ग र समुदायका माग र आन्दोलनलाई सार्थक वार्ता र सम्वादका माध्यमबाट हल गर्न आव्हान गर्दछ ।

२. यो महाधिवेशन, नयाँ संबिधानले परिकल्पना गरे बमोजिम आर्थिक विकास सहितको समुन्नत नेपाल निर्माणको महाअभियानमा सामेल हुन आम श्रमिकहरुलाई आव्हान गर्दछ ।

३. यो महाधिवेशन नयाँ संबिधानमा नसमेटिएका निम्न विषयहरु संशोधनमार्फत संबिधानमा सामेल गराउन जोडदार माग गर्दछ ।

क. सबै क्षेत्रका श्रमिक वर्गले कार्यस्थलवाट चुन्न चुनिन पाउने अधिकार र विधायिका लगायत सवै निर्वाचित निकाय र नीति निर्माणको तहमा श्रमिकहरुको कम्तिमा १० प्रतिशत प्रतिनिधित्व गर्न पाउने अधिकार

ख. संबैधानिक राष्ट्रिय श्रम आयोगको गठन,

ग. बैधानिक रुपमा हडताल गर्न पाउने अधिकार

घ. पेसाकर्मीहरु र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई पनि संबिधानमा प्रष्ट रुपमा श्रमिकको परिभाषा

४. यो महाधिवेशन, संबिधानको शीघ्र कार्यान्वयनमा जोड दिंदै स्थानीय तहमा जनप्रतिनिधिमुलक शासन प्रणाली स्थापित गर्न यथाशीघ्र स्थानिय निकायको निर्वाचन गराउन जोडदार माग गर्दछ ।

५. यो महाधिवेशन, भुकम्प पिडित जनताको स्थायी आवाश व्यवस्था सहितको पुनःस्थापनाको लागि पुनरनिर्माण प्राधिकरणबाट भइरहेको ढिलासुस्तीप्रति चिन्ता जाहेर गर्दै तत्काल पुनर्निमाण अभियान संचालन गर्न नेपाल सरकारसँग माग गर्दछ ।

६. महासङ्घले एक दशकभन्दा अघिदेखी श्रमसम्बन्धी ऐन कानुनहरुमा परिमार्जन गर्ने र नयाँ ऐन जारी गर्ने विषयमा आवाज उठ्दै आएको वावजूद पनि ऐन जारी हुन सकेका छैनन् । सरकारले हालैमात्र व्यवस्थापिका संसदमा पेश गरेको श्रम ऐनको विधेयकमा श्रम कानुन निजामती क्षेत्रमा लागू नहुने गरी प्रस्ताव गरेको छ । यो महाधिवेशन, निजामती लगायत सबै क्षेत्रमा छाता ऐनको रुपमा लागू हुनेगरी श्रम ऐनको विधेयकमा परिमार्जन सहित श्रम ऐन लगायतका श्रम सम्बन्धी कानुनहरु पेसाकर्मी श्रमिकका हितमा हुनेगरी महासङ्घले अघि सारेका दृष्टिकोणहरु समावेश गरी यथाशीघ्र जारी गर्न जोडदार माग गर्दछ ।

७. यो महाधिवेशन, सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था, शिक्षा र स्वास्थ्य क्षेत्रमा भइ रहेको नीजिकरण र व्यापारिकरणको विरोध गर्दछ र यस क्षेत्रमा राज्यको तर्फवाट लगानी अभिवृद्धि गरी सार्वजनिक उद्योगहरुको सुदृढीकरण गर्ने नीति बनाई सर्वसाधारण जनतालाई प्रभावकारी सेवा प्रवाह गर्न जोडदार माग गर्दछ ।

८. यो महाधिवेशन, सार्वजनिक क्षेत्रमा हुने अनियमितता र भ्रष्टाचारको निष्पक्ष छानवीन गरी दोषी उपर कडा कारवाही गर्न र भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्वन गर्न जोडदार माग गर्दछ ।

९. यो महाधिवेशन, निश्पक्ष ढंगले न्याय सम्पादन गरी मुलुकमा कानुनी राज्य प्रणाली स्थापित गर्न, संबिधान अनुकूल ऐन कानुनमा परिमार्जन गर्न, न्यायालयको पुनरसंरचना सहित स्वच्छ, निष्पक्ष, निष्कलंक व्यक्तिहरुलाई शीघ्र न्यायाधिशमा नियुक्ती गर्न सम्बन्धित निकायको गम्भिर ध्यानाकर्षण गर्दछ ।

९. यो महाधिवेशन, आकासिँदो मूल्यवृद्धि, कालोवजारी र कृत्रिम अभावलाई नियन्त्रण गरी आपूर्ती व्यवस्था सहज बनाउन र श्रमिकवर्ग एवं सर्वसाधारण जनतालाई रासनकार्डको व्यवस्था गर्न जोडदार माग गर्दछ ।

१०. यो महाधिवेशन, हालै जारी भएको शिक्षा ऐनले शिक्षकहरुको राजनीतिक अधिकार हनन गर्ने प्राबधान राखेको प्रति विरोध गर्दै शिक्षक हित शैक्षिक क्षेत्रको विकासमा अवरोध पुग्ने खालका त्यस्ता प्रावधानहरु हटाइ शिक्षा ऐनलाई शिक्षक एवं शैक्षिक क्षेत्र मैत्री बनाउन जोडदार माग गर्दछ ।

११. यो महाधिवेशन, हालसम्म उच्च माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेसाको सुरक्षाको सुनिश्चिता, पर्याप्त दरवन्दीको व्यवस्था सहित स्थयित्व तथा सार्वजनिक विद्यालयमा लामो समय सम्म अस्थायी रुपमा कार्यरत शिक्षकहरुलाई स्थायी प्रकृया आरम्भ गरी उनिहरुको सेवा लाई सुनिश्चित गर्न र पर्याप्त सामाजिक सुरक्षाको व्यवस्था गर्न जोडदार माग गर्दछ ।

१२. यो महाधिवेशन, निजी बैंक तथा वित्तीय क्षेत्र, स्वास्थ्य क्षेत्र र शिक्षा क्षेत्रलगायतका सार्वजनिक निकायमा कार्यरत पेसाकर्मीहरुलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक लागू गर्न, निजामती र स्थानीय निकायमा काम गर्ने

पेसाकर्मीहरुको सेवा, शर्त र आर्थिक एकरुपता कायम गर्दै अनिवार्य अवकाशमा उमेर हदका आधारमा ६० वर्ष कायम गरी एकद्वार प्रणली लागू गराउन, ठेकेदारी प्रथाबाट कर्मचारी नियूक्ती गर्ने प्रक्रिया बन्द गर्नुपर्ने, विज्ञापनका आधारमा लोकसेवा आयोगको कार्यविधि अवलम्वन गरी सबै कर्मचारीहरुलाई नियुक्ती पत्र दिएर मात्र काममा लगाउने जस्ता विषयहरु समेटी सार्वजनिक क्षेत्रमा समान रुपमा न्यूनतम श्रम मापदण्ड लागू गराउन नेपाल सरकार र सरोकारित पक्षसँग जोडदार माग गर्दछ ।

१३. सहकारी क्षेत्रमा कार्यरत झण्डै एकलाखभन्दा बढी कर्मचारीहरु राज्यको तोकेको न्युनतम पारिश्रमिक पाउनबाट समेत बञ्चित रहेका छन् । तसर्थ यो महाधिवेशन, सहकारी क्षेत्रमा कार्यरत कर्मचारीहरुको न्युनतम तलवमान कायम गरी एकरुपतापूर्ण रुपमा लागू गराउन नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

१४. यो महाधिवेशन, जनताको आधारभूत आवश्यकता र अधिकारको रुपमा रहेको शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास र खानेपानीको अधिकारलाई संवैधानिक मौलिक हकको रुपमा स्थापित गर्न जोडदादर माग गर्दछ ।

१५. यो महाधिवेशन, अस्थायी, करार, ज्यालादारी र आउटसोर्सिङका माध्यमवाट गरिने नियूक्तीको विरोध गर्दछ र त्यस्ता पेसाकर्मीहरुको सेवाको स्थायीत्व र सामाजिक सुरक्षाको ग्यारेण्टी गर्न र रिक्त पदमा स्थानमा स्थायी प्रकृयावाट कर्मचारी नियूक्ती गर्ने परिपाटी स्थापित गर्न जोडदार माग गर्दछ ।

१६. यो महाधिवेशन, उत्पादनशील क्षेत्रमा राज्यको तर्फवाट लगानी अभिवृद्धि गरी स्वदेश भित्र रोजगारीको अवसर श्रृजना गर्न माग गर्दछ र वैदेशीक रोजगारमा गएका श्रमिकहरुको सम्वन्धित स्थानमा सुरक्षाको प्रत्याभूति गराउन र अन्तराष्ट्रिय श्रम मापदण्ड वमोजिमको सेवा सुविधाको सुनिश्चित गर्न गराउन  र कार्यथलोबाटै मतदान गर्ने अधिकारको व्यवस्था गर्न नेपाल सरकारको गम्भिररुपमा ध्यानाकर्षण गराउँदछ ।

१७. यो महाधिवेशन,  ILO महासन्धी नं.८७, १०२, १५१, १८३, १८९ लगायतका श्रमिक पक्षीय क्षेइ महासन्धीहरु अनुमोदन गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

१८. यो महाधिवेशन, ट्रेड युनियन आन्दोलन भित्र देखापरेका विकृती विरुद्ध बैचारीक सङ्घर्ष गर्दै अवसरवाद, अराजकतावाद र अर्थवाद (३अ) बाट ट्रेड युनियन आन्दोलनलाई मुक्त गर्न सवै क्षेत्र र तहमा ट्रेड युनियन शिक्षा अभियान लाई घनिभूत रुपमा संचालन गर्न गराउन प्रतिवद्धता व्यक्त गर्दछ ।

१९. यो महाधिवेशन, सवै सार्वजनिक क्षेत्रमा समानुपातिक मतका आधारमा गठन हुनेगरी शीघ्र आधिकारीक ट्रेड युनियन (CBA) को निर्वाचन घोषणा गर्न जोडदार माग गर्दछ ।

२०. यो महाधिवेशन, वार्षिक रुपमा खुद् मुनाफा आर्जन गर्ने सार्वजनिक संस्थान र बैक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई वोनस ऐन बमोजिम वोनस वितरण गरियोस् भनी जोडदार माग गर्दछ ।

२१. यो महाधिवेशन निजामती, संस्थान, बैंक शिक्षण संस्था लगायतको सार्वजनिक सेवालाई आधारभूत ग्रामीण स्तरमा विस्तार गरी सर्वसाधारण जनतालाई सेवा प्रदान गर्न राष्ट्र सेवक कर्मचारी एव पेशाकर्मीहलाई परिचालन गर्न जोडदार माग गर्दछ ।

२२. यो महाधिवेशन, महासङ्घ एवं विभिन्न क्षेत्रका ट्रेड यूनियन/पेशागत संगठनहरुले सरकार तथा व्यवस्थापन समक्ष प्रस्तुत गरेका मागलाई सामूहिक सौदाबाजीको माध्यमबाट अविलम्व पूरा गर्न सरकार तथा सम्बन्धित व्यवस्थापनको ध्यानाकर्षण गराउँदछ ।

२३. यो महाधिवेशन सार्वजनिक तथा निजी क्षेत्रको रोजगारीमा संलग्न श्रमिक एवं पेसाकर्मीहरुलाई सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै पेन्सन, उपदान वीमा, औषधोपचार आदिको व्यवस्था गर्न माग गर्दछ ।

२४. यो महाधिवेशन, विनासकारी भुकम्पबाट ध्वस्त भएका शिक्षण संस्थाहरुको शीघ्र पुनरनिर्माण, शैक्षिक क्षेत्रको पुनरसंरचना सहित अस्थायी, राहत, पिसिएफ, इसिडी र लियन काजमा रहेका शिक्षकको सेवाको सुरक्षा, स्थायित्व, समान तलवमान कायम गर्दै अधिकतम रुपमा सामाजिक सुरक्षाको ग्यारेण्टी गरियोस् भनी जोडदार माग गर्दछ ।

२५. यो महाधिवेशन, निजामती सेवा ऐन, नियममा सामयिक सुधार, सङ्घीयतामा निजामती कर्मचारीहरुको व्यवस्थापन र प्रशासनिक संगठनको पुनरसंरचना, तहगत प्रणाली, वैज्ञानिक सरुवा प्रणाली कायम गर्ने र करार सेवाका कर्मचारीको व्यवस्थापन गरी उनिहरुको सेवाको सुरक्षा र सामाजिक सुरक्षाको ग्यारेण्टी गरियोस् भनी जोडदार माग गर्दछ ।

२६. यो महाधिवेशन पेसाकर्मी श्रमिकहरुको जीवन निर्वाह गर्न पुग्ने गरी तलब र आर्थिक सुविधालाई वैज्ञानिक ढंगले निर्धारण गर्न ट्रेड यूनियनहरुको सहभागितामा स्थायी प्रकृतिको एक उच्चस्तरीय तलब सुविधा निर्धारण आयोग गठन गर्न र मूल्यसूचिका आधारमा सबै क्षेत्रमा काम गर्ने पेसाकर्मीहरुका लागि हरेक वर्ष स्वतः महङ्गी भत्ता बृद्धि हुने व्यवस्था गर्न जोडदार माग गर्दछ ।

२७. यो महाधिवेशन, स्थानीय निकायमा समयानुकुल ऐन कानुनहरुको निर्माण, स्थानीय सेवा आयोग गठन, सङ्घीयतामा स्थानीय सरकारको पुनरसंरचना र कर्मचारीको समुचित र सम्मानजनक व्यवस्थापन, स्थानीय निकायमा अस्थायी, करारमा कार्यरत कर्मचारीहरुको स्थायीत्व, निजामती कर्मचारी सरह समान सेवा सुविधाको व्यवस्था, केन्द्रीय कल्याण कोषको व्यवस्था र प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गरियोस् भनी जोडदार माग गर्दछ ।

२८. यो महाधिवेशन, सेवा निवृत्त पेसाकर्मीहरुको पेन्सन सम्बन्धी असमान एवं विभेदपूर्ण नीति नियममा परिमार्जन गरी सेवानिवृत्तहरुको सामाजिक सुरक्षाको प्रत्याभूति सहित जीवन निर्वाह गर्न पुग्ने पेन्सनको व्यवस्था, निर्वाचित निकायहरुमा सेवानिवृत्तहरुको प्रतिनिधित्व, निवृत्त राष्ट्रसेवकहरुको विज्ञता र अनुभवलाई राज्यद्वारा उपयोग गरियोस् भनी नेपाल सरकारसँग माग गर्दछ ।

२९. प्रत्येक गाउँमा कृषि तथा पशुसेवा प्राविधिकको व्यवस्था, कृषि तथा पशुबीमाको व्यवस्था, २ प्रतिशत व्याजमा कृषी ऋणको व्यवस्था, स्थानीय बजेटमा किसानको पंहूचमा अभिवृद्धि गरी प्रत्येक गा.वि.स.मा कृषीबजारको व्यवस्था गरियोस् भनी यो महाधिवेशन जोडदार माग गर्दछ ।

३०. यो महाधिवेशन, सहकारी क्षेत्रमा कार्यरत कर्मचारीहरुको सेवा सुरक्षा, न्युनतम तलवमानको सुनिश्चितता, सामाजिक सुरक्षा र वृत्ति विकासको सुनिश्चितता गरियोस् भनी जोडदार माग गर्दछ ।

३१. नर्सिङ्ग पेसाकर्मीहरुको सेवा सुरक्षा, न्युनतम तलवमानको सुनिश्चितता, मन्त्रालयमा छुट्टै नर्सिङ्ग महाशाखा स्थापना, निजी क्षेत्रमा कामगर्ने नर्सहरुको प्रतिनिधित्व, नर्सिङ्ग वेरोजगारीको अन्त्य र स्वदेशमै रोजगारीको सिर्जना, कार्यथलोमा हुने हिंसा र दुरुत्साहनको अन्त्य, सुत्केरी बिदा, स्तनपानको व्यवस्था, लुगाभत्ताको व्यवस्था सहित नर्सिङ्ग पेसालाई मर्यादित बनाइयोस् भनी यो महाधिवेशन जोडदार माग गर्दछ ।

३२. यो महाधिवेशन, श्रमिक पक्षीय ट्रेड यूनियन आन्दोलनको विकास र विस्तार गर्न संसारका विभिन्न मुलुकका ट्रेड युनियनहरुसँग भातृत्व पूर्ण सम्वन्ध (Fraternal Relationship) को विकास गर्न प्रतिवद्धता व्यक्त गर्दै विश्व ट्रेड युनियन महासङ्घ (WFTU) सँगको आवद्धतालाई प्रगाढ वनाउँदै महासङ्घ सँग आवद्ध घटकहरुलाई तदनुरुपको विदेश सम्वन्धको विकास र विस्तार गर्न गराउन प्रतिवद्धता व्यक्त गर्दछ ।

३३. यो महासभा वैठक अमेरिकी र नेटो सदस्य राष्ट्रहरुद्वारा इराक, अफगानिस्तान, इरान, सिरिया, प्यालेस्टाइन, लगायतका मुलुकमा भई रहेको सैनिक आक्रमण र हस्तक्षेपको विरोध गर्दछ ।

३४. यो महाधिवेशन सम्राज्यवाद, पूँजीवाद र प्रभुत्ववाद विरोधी तेस्रो विश्वका मुक्तिकामी जनता र श्रमिक वर्गले संचालन गरेको आन्दोलनप्रति हार्दिक ऐक्यबद्धता प्रकट गर्दछ ।

३५. यो महाधिवेशन, विश्व पुँजीवादले श्रृजना गरेको आर्थिक संकटलाई अन्त्य गर्न सार्वजनिक एवं उत्पादनशील क्षेत्रमा व्यापक लगानी बृद्धि गर्न र गरिब बेरोजगार वर्गलाई लक्षित कार्यक्रम संचालन गर्न नेपाल सरकार समक्ष माग गर्दछ ।

**राष्ट्रिय समितिको पहिलो वैठकले गरेका निर्णयहरु**

१. महासङ्घको विधान वमोजिम राष्ट्रिय समितिका अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-८, महासचिव-१, उपमहासचिव-५, कोषाध्यक्ष-१, सहकोषाध्यक्ष-१ र सचिव-५ गरी २१ सदस्यीय स्थायी समिति गठन भएको छ ।

अन्त्यमा,

महाधिवेशनवाट पारित विधान र प्रतिवेदनहरु छपाईको क्रममा रहेको हुँदा छपाई हुनासाथ पठाइने छ । महाधिवेशनका पारित नीति र निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन गराउन तथा पेसागत महासङ्घलाई देशको कृयाशिल र जुझारु महासङ्घको रुपमा स्थापित गराउन सक्रिय भूमिका पुरा गर्ने विश्वास सहित छैठौं महाधिवेशनलाई भव्य रुपमा सम्पन्न गराउन योगदान गर्नुहुने सवैमा धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

हार्दिक अभिवादन सहित !

(विष्णु लामिछाने)
महासचिव